गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गढवा, दाङ

लुम्बिनी प्रदेश, नेपाल

०८२-४१००६४


प.सं. २०८३/०८४

च.न. :

गढवा गाउँपालिका गाउँसभाको सचिवालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८३/०६/२९

**सडक अवरुद्ध हुने गरी कुनै पनि कार्य नगर्ने/नगराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

यस गढवा गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने **हुलाकी राजमार्ग** खण्डमा केही समय यता सडक नै अवरुद्ध हुने गरी, सर्वसाधारण तथा सवारी साधनको आवतजावतमा बाधा पुग्ने गरी सडकका दायाँबायाँ वा बीच भागमा गाईवस्तु बाँध्ने, धानपराल दाउने (दाइँ हाल्ने), पराल वा इन्धनका लागि गुँइठा सुकाउने, निर्माण सामग्री थुपार्ने जस्ता कार्यहरू भइरहेको जनगुनासो प्राप्त भएको छ।

यस्ता कार्यहरूले गर्दा तीव्र गतिमा चल्ने सवारी साधनहरू दुर्घटनामा पर्ने जोखिम उच्च हुनुका साथै धनजनको ठूलो क्षति हुन सक्ने र सार्वजनिक सडक ऐन विपरीत हुने भएकाले यो सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना जारी भएको मितिले हुलाकी राजमार्ग र अन्य सार्वजनिक सडक खण्डहरूमाः

- सडक अवरुद्ध हुने गरी गाईवस्तु वा अन्य चौपाया नबाँधन र छाडा नलगाउन,
- सडकमा धानपराल दाउने (दाइँ हाल्ने) वा सुकाउने कार्य नगर्न,
- सवारी साधन र पैदलयात्रीलाई बाधा पुग्ने गरी कुनै पनि सामग्रीहरू नथुपार्न सम्बन्धित सम्पूर्ण गाउँवासी, किसान तथा सरोकारवालाहरू सबैमा हार्दिक अनुरोध गरिन्छ।

यदि यस सूचनाको अवज्ञा गरी सडकमा अवरोध सिर्जना गरेको वा सवारी दुर्घटना निम्त्याउने कार्य गरेको पाइएमा **प्रचलित कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम कानुनी कारबाही गरिने** र यसबाट हुन जाने क्षतिको जिम्मेवार स्वयं सम्बन्धित व्यक्ति नै हुनुपर्ने ब्यहोरा समेत जानकारी गराइन्छ।

सडक सुरक्षा हामी सबैको साझा जिम्मेवारी हो। यस कार्यमा सहयोग गरिदिनुहुन सम्पूर्ण गाउँ पालिकावासीमा हार्दिक अपिल गर्दछौं।

शारदा कुमारी चौधरी
का . वा . अध्यक्ष

**वोधार्थः**

श्री इलाका प्रहरी कार्यालय, गढवा दाङ ।